# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८१/०८२
चलानी नम्बर :

मिति : २०८२।०१।३१

विषयः स्वयंसेवक शिक्षकको पदपूर्ति सम्बन्धी सूचना।

शिवराज नगरपालिका अन्तर्गत संचालित विभिन्न विद्यालयमा रिक्त रहेको स्वयंसेवक शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नका लागि योग्य उम्मेदवारहरूले यस नगरपालिकाको निर्धारित दरखास्त फाराम भरी यो सूचना प्रकाशित भएको १५ दिनभित्र आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

स्वयंसेवक शिक्षकको पदपूर्ति विवरणः

| **१. प्राथमकि तह** | |
|---|---|
| विज्ञापन नं | संख्या |
| ०१/०८१/८२ | २ |
| **२. निम्नमाध्यमिक तह** | |
| विज्ञापन नं/विषय | संख्या |
| ०२/०८१/८२/ अंग्रेजी | ३ |
| **३. माध्यमिक तह** | |
| विज्ञापन नं/विषय | संख्या |
| ३/०८१/८२/ अंग्रेजी | १ |
| ४/०८१/८२/ गणित | १ |
| ५/०८१/८२/ अर्थशास्त्र | १ |

२. उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता

क)प्राथमिक तहः प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

ख) निम्नमाध्यमिक तहः सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

ग) माध्यमिक तहः सम्बन्धित विषयमा स्नातक तह तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

**अन्य आवश्यक कागजातहरु :**

क) सम्बन्धित तहको स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रत्तिलिपि।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

ग) दरखास्त फाराम बुझाउने अन्तिम मिति २०८२ जेष्ठ १४ गतेसम्ममा १८ वर्ष पुरा भई ४० बर्ष उमेर ननाघेको हुनुपर्ने छ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np

# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८१/०८२
चलानी नम्बर :

मिति : २०८२।०१।३१

३. उम्मेद्वारले अनिवार्य रूपले पेश गर्नु पर्ने कागजातहरूः

क) नगरपालिकाद्वारा स्वीकृत गरिएको दरखास्त फाराम

छ) परीक्षा दस्तुरःप्राथमिक तह रु.५००।- निम्नमाध्यमिक तह रु. ७००।- माध्यमिक तह रु १०००।-को कार्यालय नगदी राजस्य रसिद ।

ग) उम्मेद्वार हुनको लागि तोकिएका कागजातहरू ।

घ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि ।

पुनधः

४. दरखास्त फाराम साथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरूमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ।

५. परीक्षाको किसिमः (क) लिखित परीक्षा (ख) मौतिक

६. दरखास्त फाराम पेस गर्ने अन्तिम मितिः २०८२ जेष्ठ १४ गतेसम्म, उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन तोकिएको परीक्षा दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

७. लिखित परीक्षा हुने मिति: पछि प्रकाशन गरिनेछ।

८. सम्पर्क मिति: २०८२ जेष्ठ १५ गते

९. अन्तरवार्ताको मिति, स्थान र समयः लिखित परीक्षाको नजिता प्रकाशित गर्दा मिति, समय र स्थान तोकिने छ।

१०. विज्ञापन सम्वन्धी थप जानकारी:

क) कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन ।

ख) कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुन सुकै बखत रद्द गरी कानुन बमोजिम कारबाही गरिने छ ।

ग) गणित,अंग्रेजी र अर्थशास्त्र विषयको हकमा स्थायी अध्यापन अनुमती पत्र प्राप्तलाई ग्राह्यता दिईनेछ ।

ग) शिक्षक सेवा आयोगले खुला प्रतियोगितात्मक परीक्षाको लागि तोकको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ ।

११. दरखास्त सङ्कलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण नगरपालिकाबाट हुने छ ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np